# नेपाल राजपत्र

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड ४७) काठमाडौं भदौ २ गते २०५४ साल (संख्या १९

## भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन, २०५४ साल मंसिर १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

### सूचना २

श्री ५ को सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४२ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको अनुसूची - १ र अनुसूची - २ को सट्टा देहायको अनुसूची - १ र अनुसूची - २ राखी हेरफेर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १

(दफा ५ को उपदफा ३ संग सम्वन्धित)

कर छुट हुने वस्तु तथा सेवाहरू :

समूह १ : आधारभूत कृषि उत्पादनहरू

(क) धान, चामल, गहुँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पीठो, मैदा, सुजी, ग्रिट्स, चना, बोडी, केराउ, सिमी र यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरू र तिनको अबशेष,

(ख) हरियो तथा ताजा सागसव्जी, ताजा फलफूल, ताजा फूल, कन्दमुल तथा फलफूल, तरकारी र कन्दमुलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरू (होटेल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, कफीको गेडा(, तेलहन (भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युंको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा तथा खाने तेल उत्पादन गर्न प्रयोग हुने यस्तै प्रकारका अन्य आधारभूत कृषि उत्पादनहरू) र त्यसबाट निस्केको पीना,

(घ) जडीबूटी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) खाने तेल (स्थानीय कोल वा मिलबाट पेलान गरी उत्पादन गरिएको मात्र),
(ख) धारा तथा ट्याङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,
(ग) दाउरा तथा गोल,
(घ) मट्टीतेल (हवाई इन्धन बाहक),
(ङ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेडा, चौंरी, रांगा, वदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर, तिनको ताजा दूध र अप्रशोधित काँचो परिकारहरू,
(ख) गाई, भैसी र वाख्री,
(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरू, तिनको ताजा मासु, अण्डा र अप्रशोधित काँचो परिकारहरू,
(घ) ताजा वा सुकाएको माछा (प्याकिङ. गरिएको बाहेक)।

समूह ४ : कृषि सामग्रीहरू

(क) समूह १ मा उल्लेखित वाली विरुवाको वीउ विजन,
(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,
(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु (जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरू, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरू, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरू, पशुहरूको चारा काट्ने हाते औजारहरू तथा हलोमा प्रयोग गरिने फाली ),


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरू ।

समूह ५ : औषधि , उपचार र यस्तै स्वास्थ्य सेवाहरू

(क) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी संचालन भएका चिकित्सा सेवा प्रदान गर्ने वा शल्यक्रिया गर्ने अस्पताल,क्लिनिक तथा स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवा,

(ख) स्वास्थ्य कर्मीहरू (डाक्टर, नर्स, वैद्य, कविराज, कम्पाउण्डर आदि) ले संस्थागत वा व्यक्तिगत रुपमा आपूर्ति गर्ने पेशागत सेवा,

(ग) खण्ड (क) र (ख) मा उल्लेखित सेवा उपलब्ध गराउने क्रममा आवश्यक भै त्यस्तो सेवासंगै प्रापकलाई आपूर्ति गरिने वस्तुहरू,

(घ) मानव रगत र मानव रक्तजन्य पदार्थहरू,

(ङ) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरू,

(च) पशु चिकित्सक वा पशु शल्य चिकित्सकले प्रदान गर्ने पेशागत सेवा,

(छ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरू र गर्भ निरोधक साधनहरू,

(ज) अशक्त र अपाङ्ग व्यक्तिहरूको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी वनेका साधनहरू,

(झ) एक्सरे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्यास,

(ञ) औषधि उद्योग आफैले पैठारी वा खरीद गरेको औषधि व्यबस्था विभागले तोकेको हदसम्मको औषधिको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरू

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यवसायिक वा पेशागत तालीम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६०

वा पुनर्ताजगी तालीमहरू

(ग) विद्यालय तथा विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा तथा सेवा उपलब्ध गराउने क्रममा आवश्यक भै त्यस्तो सेवासंगै प्रापकलाई आपूर्ति गरिने वस्तुहरू ।

समूह ७ : किताव, अखवार, मुद्रित सामग्रीहरू तथा मुद्रण र प्रकाशन

(क) पुस्तक, पुस्तिका र पर्चाहरू,
(ख) अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरू,
(ग) चित्र तथा नक्साहरू,
(घ) (क) देखि (ग) सम्मका वस्तु आपूर्ति गर्न प्रयोग भएका खोल, खाम तथा वक्सा (यिनको अलगै मूल्य राखिएको छैन भने),
(ङ) मुद्रण र प्रकाशन,
(च) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) कलाकृति तथा कालीगढी सेवा (चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरू र तत्सम्बन्धी सेवा,
(ख) सांस्कृतिक कार्यक्रम,
(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडिया घर तथा वनस्पति उद्यानको प्रवेश शुल्क,
(घ) स्वदेशमा निर्मित नेपाली चलचित्रको प्रदर्शन ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरू

सार्वजनिक यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूह १० : <u>व्यावसायिक वा पेशागत सेवा</u>

कानून व्यवसायी, लेखा परीक्षक, इन्जिनीयर, कलाकार, खेलाडी, लेखक, नमूनाकार, वीमक, अनुवादक, दोभाषे आदिले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : <u>अन्य वस्तु तथा सेवा</u>

१. हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र),
   (क) चिठ्ठीपत्र,पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्वन्धी सेवा,
   (ख) चिठ्ठीपत्र,पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरू,
   (ग) हुलाक टिकट ।

२. वित्तीय तथा बीमा सेवा ।

३. वैंक नोट तथा चेक बूक ।
   (क) नेपाली नोटको छपाइ तथा निश्काशन,
   (ख) नेपाल अधिराज्य वाहिरबाट नेपाल अधिराज्यभित्र हुने वैंक नोटको आपूर्ति,
   (ग) चेक बूक ।

४. सुन, चांदी ।
   (क) सुन र सुनका सिक्का (सुनका अन्य तयारी वस्तु र गरगहना बाहेक)
   (ख) चांदी र चांदीका सिक्का (चांदीका अन्य तयारी वस्तु र गरगहना बाहेक),

५. विद्युत ।

६. तामा र पित्तलको स्क्रेप ।

७. कच्चा ऊन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल ( होटेल, गेष्टहाउस जस्तो व्यबसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक)

समूह १३ : वाजी, क्यासिनो र चिट्ठा

१. वाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्वन्धी क्रियाकलाप,

२. चिट्ठा ।

अनुसूची २

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

शून्य दर लाग्ने वस्तु तथा सेवाहरू :

१. श्री ५, श्री ५ वडामहारानी, श्री ५ युवराजधिराज तथा राजपरिवारका सदस्यहरूबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरू ।

२. नेपाल अधिराज्यवाहिर निर्यात हुने वस्तुहरू :

वस्तुको आपूर्ति देहाय वमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६२

मुद्रण विभाग, सिंहदरबार

(क) नेपाल अधिराज्यवाहिर निर्यात गरेको वा,

(ख) नेपाल अधिराज्यबाट उड्ने अन्तराष्ट्रिय हवाइ उडानमा राखिएको वा,

(ग) अन्तराष्ट्रिय हवाइ उडानका लागि नेपाल अधिराज्यबाट उड्ने हवाइजहाजभित्र बिक्री गर्न लगिएको ।

३. नेपाल अधिराज्य वाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरू

(क) नेपाल अधिराज्यभित्र वसोवास भएको व्यक्तिले नेपाल अधिराज्य वाहिरका व्यक्ति (जसको नेपालमा कुनै व्यवसायिक कारोवार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि छैन) लाई आपूर्ति गरेको सेवा ,

(ख) नेपाल अधिराज्यभित्र वसोवास गर्ने व्यक्तिले नेपाल अधिराज्यबाहिर भाडामा वा उधारोमा गरेको सेवाको आपूर्ति ।

४. कुटनैतिक सुविधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरू ।

सूचना ३

श्री ५ को सरकारले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावली २०५४ साल मंसिर १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ४

सामयिक कर असूल ऐन, २०१२ बमोजिम खण्ड ४७, अतिरिक्तांक १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यभित्र गरिने वस्तु वा सेवाको आपूर्तिमा सोही आदेशको अनुसूची- ६ बमोजिमको मूल्य अभिवृद्धिकर मिति २०५४।८।१ गतेदेखि लगाई असूल उपर गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,

रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०५

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले दाना पदार्थ ऐन, २०३३ को दफा १ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन देहायका जिल्लामा आजकै मिति देखि प्रारम्भ हुने गरी तोकेको छ ।

| | | |
|---|---|---|
| (१) काभ्रे | (२) सिन्धुपाल्चोक | (३) नुवाकोट |
| (४) धादिङ | (५) रसुवा | (६) स्याङ्जा |
| (७) पाल्पा | (८) तनहुँ | (९) गोरखा |
| (१०) गुल्मी | (११) अर्घाखाँची | (१२) बाग्लुङ |
| (१३) कपिलवस्तु | (१४) नवलपरासी | (१५) बारा |
| (१६) रौतहट | (१७) सर्लाही | (१८) महोत्तरी |
| (१९) धनुषा | (२०) सिरहा | (२१) सप्तरी |
| (२२) झापा | (२३) इलाम | (२४) धनकुटा |
| (२५) दाङ | (२६) बाँके | (२७) बर्दिया |
| (२८) सुर्खेत | (२९) कैलाली | (३०) कन्चनपुर |

आज्ञाले,
डा. मुक्तिनारायण श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।